## मिति २०८० साल असार ७ गतेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा।

२. ग्रा.यु.सि. माध्यमिक बिद्यालयको उजुरी सम्बन्धमा।

३. विविध सम्बन्धमा।

**निर्णयहरुः**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०८०/०२/०५ गतेको कार्यपालिका बैठकको निर्णय नं. ४ मा भएका ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, लिखु ६ मा आर्थिक अनियमितता किनारा तथा प्रधानाध्यापक हटाउने सम्बन्धी निर्णयानुसार मिति २०८०/०३/०६ गते न्यायीक समितिको प्रतिवेदन प्राप्त भयो। सोही प्रतिवेदन तथा समसामयिक परिस्थितिको आधारमा देहायका निर्णय सर्वसम्मतबाट पारित गरियो।

क) उजुरीकर्ताले श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, लिखु ६ मा आर्थिक अनियमितता तथा किर्ते हस्ताक्षरको विषय क्षेत्रमा प्रधानाध्यापकलाई लगाएको आरोपको उजुरीको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र (२) बमोजिम न्यायीक समितिको क्षेत्राधिकारभित्र नपरेको देखिएकोले सो उजुरीको किनारा सम्बन्धमा उजुरीकर्तालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यथासक्य उजुरी दर्ता गरी यस गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराउन निर्देशन दिने।

ख) श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, लिखु ६ मा हाल कार्यरत प्रधानाध्यापक नेत्र कुमारी पौडेलले कार्यसम्पादन सम्झौता बमोजिम कार्य गर्न नसकेको तथा नीजले सम्पादन गरेको कार्य सन्तोषजनक नभएकोले स्थानीय शिक्षा नियमावलि, २०७५ को नियम ४९ (५) ग अनुसार नीजलाई प्रधानाध्यापक पदबाट हटाउने।

ग) श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक बिद्यालय, लिखु ६ मा अर्को प्रधानाध्यापक नियुक्तिको प्रकृया स्थानीय शिक्षा ऐन तथा नियमावलि र प्रचलित कानून बमोजिम अगाडी बढाउन आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय र सम्बन्धित बिद्यालयलाई निर्देशन दिने।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आगामि कार्यपालिका बैठक मिति २०८०/०३/०९ गते दिनको ठिक १ बजे बस्ने निर्णय सर्वसम्मत पारित गरियो।